यस पुस्तकबाट नेपाल संवत् सम्बन्धीका
पृष्ठहरू खिचिएको

# नेपालभाषा लेखन सहयोगी

नेपालभाषा बोल्न जान्ने तर लेखपढ गर्ने अभ्यास नभएको जनसंख्यालाई लक्षित व्याकरण सहित लेखन सहयोगी पुस्तक

**लेखक तथा प्रकाशक** : रुक्शना कपाली

Paperback
ISBN : 978-9937-0-9396-5

प्रकाशित मिति : नेपाल संवत् ११४१ यंला ७ (सुन्हि / बुधबार)
संस्करण : प्रथम
सर्वाधिकार : लेखक तथा प्रकाशकमा
मूल्य : ३०० (तीन सय) रूपियाँ
सम्पर्क : rukshana.newa@gmail.com

#RukuYuSafoo

# नेपाल संवत् – नेपाल सम्बत

नेवाः राष्ट्रको मौलिक संवत्, देशको नाममा स्थापित एक मात्र संवत् र नेपालको राष्ट्रिय संवत् समेत रहेको नेपाल संवत् अहिले ११४१ सालमा छ । ईश्वी संवत्को सो बखतमा प्रचलित जुलियन पात्रो अनुसार २० अक्टोबर ८७९ मितिमा नेपाल संवत् सुरु भएको थियो ।

नेपाल संवत्को दुई थरी पात्रोहरू छन् :–
१) न्हिल्याः नगुमाः – सौर्यमानक पात्रो (Solar Calendar)
२) मिलाल्याः नगुमाः – चन्द्रमानक पात्रो (Lunar Calendar)

## सौर्यमानक पात्रो

नेपाल संवत्मा सौर्यमानक पात्रो ११४१ साल देखि सुरु भएको हो । व्यवहारिक प्रयोगको लागि चन्द्रमानक पात्रो उपयोगी नभएको हुनाले समयको आवश्यकता अनुसार नेपाल संवत् थप परिमार्जित हुने गरि सौर्यमानक पात्रोको विकास भएको हो । नेपाल संवत्कै सुरुवातको ऐतिहासिक घटनालाई आधार मानि सन् २० अक्टोबर २०२० देखि नेपाल संवत् ११४१ को सौर्यमानक पात्रो सुरु भएको हो । सौर्यमानक पात्रो पृथ्वीले सूर्यलाई घुम्ने समयावधिमा आधारित छ । सौर्यमानक पात्रो अनुसार नेपाल संवत्को नयाँ वर्ष कछला १ का दिनमा पर्दछ । ईश्वी संवत्मा यो दिन २० अक्टोबर तारिखमा पर्दछ ।

## शताब्दी – सदि

प्रत्येक सय वर्षको समयलाई सदि (शताब्दी, Century) भनिन्छ । नेपालभाषामा 'सच्छिदँ ई दिइगु' (सय वर्षको विश्राम) बाट 'सदि' शब्द आएको हो । नेपाल संवत्को सुरुको साल नेसं १ बाट भएको हुनाले एक शताब्दी १ देखि १०० सम्म हो । हामी अहिले नेपाल संवत्को १२औं शताब्दीमा छौँ । बाह्रौँ शताब्दी नेसं ११०१ देखि सुरु भयो र नेसं १२०० सालमा अन्त्य हुनेछ ।

| | | |
|---|---|---|
| न्हापांगु सदि (पहिलो शताब्दी) | : | नेसं १ देखि नेसं १०० |
| निगूगु सदि (दोस्रो शताब्दी) | : | नेसं १०१ देखि नेसं २०० |
| स्वगूगु सदि (तेस्रो शताब्दी) | : | नेसं २०१ देखि नेसं ३०० |
| प्यगूगु सदि (चौथो शताब्दी) | : | नेसं ३०१ देखि नेसं ४०० |
| न्यागूगु सदि (पाँचौं शताब्दी) | : | नेसं ४०१ देखि नेसं ५०० |
| खुगूगु सदि (छैठौँ शताब्दी) | : | नेसं ५०१ देखि नेसं ६०० |
| न्हेगूगु सदि (सातौँ शताब्दी) | : | नेसं ६०१ देखि नेसं ७०० |

| | | |
|---|---|---|
| च्यागूगु सदि (आठौँ शताब्दी) | : | नेसं ७०१ देखि नेसं ८०० |
| गुगूगु सदि (नवौँ शताब्दी) | : | नेसं ८०१ देखि नेसं ९०० |
| झिगूगु सदि (१०औँ शताब्दी) | : | नेसं ९०१ देखि नेसं १००० |
| झिन्छगूगु सदि (११औँ शताब्दी) | : | नेसं १००१ देखि नेसं ११०० |
| झिन्निगूगु सदि (१२औँ शताब्दी) | : | नेसं ११०१ देखि नेसं १२०० |

**<u>दशक – झिदि</u>**

प्रत्येक दश वर्षको समयलाई झिदि (दशक, Decade) भनिन्छ । नेपालभाषामा 'झिदँ ई दिइगु' (दश वर्षको विश्राम) बाट 'झिदि' शब्द आएको हो । नेपाल संवत्को सुरुको साल नेसं १ बाट भएको हुनाले दशकहरू १ देखि १०, ११ देखि २०, २१ देखि ३०, ३१ देखि ४० गरि गनिन्छ । हामी अहिले नेपाल संवत्को १२औं शताब्दीको पाँचौँ दशकमा छौँ ।

नेपाल संवत्को १२ औं शताब्दीका दशकहरू यस प्रकारका छन् :–

| | | |
|---|---|---|
| न्हापांगु झिदि (पहिलो दशक) | : | नेसं ११०१ देखि नेसं १११० |
| निगूगु झिदि (दोस्रो दशक) | : | नेसं ११११ देखि नेसं ११२० |
| स्वगूगु झिदि (तेस्रो दशक) | : | नेसं ११२१ देखि नेसं ११३० |
| प्यगूगु झिदि (चौथो दशक) | : | नेसं ११३१ देखि नेसं ११४० |
| न्यागूगु झिदि (पाँचौ दशक) | : | नेसं ११४१ देखि नेसं ११५० |
| खुगूगु झिदि(छैँठौँ दशक) | : | नेसं ११५१ देखि नेसं ११६० |
| न्हेगूगु झिदि (सातौँ दशक) | : | नेसं ११६१ देखि नेसं ११७० |
| च्यागूगु झिदि (आठौँ दशक) | : | नेसं ११७१ देखि नेसं ११८० |
| गुगूगु झिदि (नवौँ दशक) | : | नेसं ११८१ देखि नेसं ११९० |
| लिपांगु झिदि (अन्तिम दशक) | : | नेसं ११९१ देखि नेसं १२०० |

**<u>वर्ष – दँ</u>**

अहिले नेपाल संवत् ११४१ साल हो । 'वर्ष' वा 'साल'लाई 'दँ' भनिन्छ ।

सालको नाम पूरै लिन सकिन्छ, जस्तै : नेपाल सम्बत झिन्छसः व पीछदँ (नेपाल संवत् एघारसय एकचालीस साल)।

अथवा सालको अन्तिम दुई अङ्कलाई मात्र लिएर पनि जनाउने गरिन्छ, जस्तै : ११४१ – पीछदँ (एकचालीस साल), १०२० – नीदँ (बीस साल) ।

**महिना – ला**

सौर्यमानक पात्रोमा प्रत्येक वर्ष १२ महिनाहरू हुन्छन् ।

| | |
|---|---|
| १) कछला | ७) बछला |
| २) थिंला | ८) तछला |
| ३) प्वँहेला | ९) दिला |
| ४) सिला | १०) गुंला |
| ५) चिला | ११) यंला |
| ६) चौला | १२) कौला |

पहिलो पाँच महिना अर्थात् कछला, थिंला, प्वँहेला, सिला र चिला महिनाहरूमा प्रत्येक महिना ३०/३० दिन हुन्छन् । छैँठौँ महिना चौलामा २९ दिन र लगभग चार वर्षमा एकचोटी अधिक वर्ष (Leap year) मा ३० दिन हुन्छ । बाँकीको ६ महिना अर्थात् बछला, तछला, दिला, गुंला, यंला र कौला महिनाहरूमा प्रत्येक महिना ३१/३१ दिन हुन्छन् ।

**मिति – न्हिल्याः**

'न्हिल्याः'को शाब्दिक अर्थ 'दिनाङ्क' हो । सौर्यमानक पात्रोमा प्रत्येक मिति वा गतेलाई 'न्हिल्याः' भनिन्छ ।

नेपाल संवत्को मिति वर्ष–महिना–गते (YYYY/MM/DD) ढाँचामा लेखिन्छ ।

नेसं ११४१ कछला ७

नेसं ११४१ दिला २०

**साता – वाः**

सात दिनको एक समूहलाई वाः (साता, Week) भनिन्छ ।

| | | |
|---|---|---|
| आइतबार | – | निन्हि |
| सोमबार | – | मिन्हि |
| मंगलबार | – | इनान्हि |
| बुधबार | – | सुन्हि |
| बिहीबार | – | सिँन्हि |
| शुक्रबार | – | लुँन्हि |
| शनिबार | – | संन्हि |

### अधिक दिन – तँसा न्हि

अधिक दिनको अवधारणा प्रायः सौर्यमासिक सम्बतहरूमा हुने गर्दछ । पृथ्वीले सूर्य घुम्न लगभग ३६५.२५ दिन लगाउँछ । एक वर्षमा ३६५ दिनको गणना हुँदा प्रत्येक वर्ष हामी ०.२५ दिन पछाडी पर्दै जान्छौँ । त्यही छुटेको ०.२५ दिनको समयलाई मिलाउन अधिक दिनको प्रचलन गरिन्छ । कुनै निश्चित वर्षहरूमा एक दिन थपेर वर्षको ३६६ दिन गरिन्छ र उक्त थपिएको एक दिनलाई नै तँसा न्हि (अधिक दिन, Leap Day) भनिन्छ । नेपाल संवत् सौर्यमानक पात्रोमा अधिक दिन छैंठौं महिना चौलामा थपिन्छ ।

अधिक दिन लगभग ४ वर्षमा एकपटक थपिन्छ । कुन वर्षमा थप्ने भन्ने कुरा देहायको हिसाबले निर्धारण गर्दछ ।

१) उक्त सालको संख्यामा ८८० जोइने र बुँदा २ मा जाने ।
२) सो संख्या ४ बाट समविभाजित (evenly divisible) हुन्छ भने बुँदा नं ३ मा जाने । हुँदैन भने उक्त सालमा अधिक दिन थपिँदैन ।
३) सो संख्या १०० बाट पनि समविभाजित हुन्छ भने बुँदा नं ४ मा जाने । हुँदैन भने उक्त सालमा अधिक दिन थपिन्छ ।
४) सो संख्या ४०० बाट पनि समविभाजित हुन्छ भने उक्त सालमा अधिक दिन थपिन्छ । हुँदैन भने थपिँदैन ।

## चन्द्रमानक पात्रो

नेपाल संवत्मा चन्द्रमानक पात्रो परम्परागत तथा सांस्कृतिक व्यवहारको पात्रो हो । नेवाः राष्ट्रमा कुनै पनि धार्मिक सांस्कृतिक चलनचल्तीको लागि यो पात्रोको प्रयोग हुन्छ । जात्रा, पर्व, नखःचखः देखि जन्मसंस्कार, मृत्युसंस्कार, विवाहसंस्कार लगायतका व्यक्तिगत रीतिथितिमा पनि यही पात्रोको प्रयोग गरिन्छ । चन्द्रमानक पात्रो चन्द्रमाले पृथ्वीलाई घुम्ने समयावधिमा आधारित छ । चन्द्रमानक पात्रो अनुसार नेपाल संवत्को नयाँ वर्ष कछलाथ्व पारु अर्थात् म्ह पुजाका दिन पर्दछ ।

### महिना – ला

चन्द्रमानक पात्रोमा सामान्यतः प्रत्येक वर्ष १२ महिनाहरू हुन्छन् ।

१) कछला / करुनामयला
२) थिंला / सर्गथिंला
३) प्वँहेला / पौँहेला / पोहेला
४) सिला / सिल्ला / सितला
५) चिला / चिल्ला / चिरस्वायगुला
६) चौला
७) बछला / बिसाखाला
८) तछला / तथागतला
९) दिला / दिल्ला / देल्ला
१०) गुंला / गुँला / गुनिला
११) यंला
१२) कौला

प्रत्येक तीन वर्षमा एकचोटी एउटा महिना थप गरिन्छ । सो सालहरूमा वर्षको १३ महिना हुन पुग्दछ ।

१३) अनला

लगभग दुई दशकमा एकचोटी एक महिना हराउँछ वा लुप्त हुन्छ । त्यसरी हराएको एक महिनालाई ‘न्हंला’ भनिन्छ । सो सालहरूमा वर्षको ११ महिना हुन पुग्दछ ।

चन्द्रमाले पृथ्वीलाई घुम्न २९ दिन, १२ घण्टा, ४४ मिनेट र ३ सेकेण्ड लगाउँछ । चन्द्रमामा आधारित एक वर्ष ३५४ दिन, ८ घण्टा, ४८ मिनेट, ३४ सेकेण्डको हुन्छ भने सूर्यमा आधारित एक वर्ष ३६५.२५ दिनको हुन्छ । यो हिसाबमा सौर्यमानक पात्रोबाट चन्द्रमासिक पात्रो प्रत्येक वर्ष ११ दिनले पछि पर्दै जान्छ । यसो भएमा क्रमशः यो पात्रो मौसमी समयबाट ताढिँदै जान सक्छ । त्यसैले यो खाडललाई पुर्न तीन वर्षमा एकपटक एउटा सिङ्गो महिना थप्ने गरिन्छ । त्यसैले चन्द्रमानक नेपाल संवत् पूर्णतः चन्द्रमानक (Lunar) नभएर चन्द्रसौर्यमानक (Lunisolar) पनि भनिन्छ ।

**पक्ष – थ्वः / गाः**

चन्द्रमानक नेपाल संवत्मा औंशी (New Moon) का दिन महिनाको अन्त्य हुँदछ । औंशीको भोलीपल्ट देखि नयाँ महिना सुरु हुन्छ । महिनाको बीचमा पूर्णिमा (Full Moon) पर्दछ । यसरी औंशी पछी पूर्णिमा सम्मको समयकाललाई नेपाल संवत्मा 'थ्वः' (शुक्ल पक्ष, Waxing moon) भनिन्छ । यो समयमा चन्द्रमा क्रमशः चम्किँदै पूर्णिमा सम्म पूर्ण जजमान हुने भएकाले 'थ्वः' भनिएको हो । 'थ्वः'को शाब्दिक अर्थ नेपालभाषाको 'थ्वये' क्रियापदबाट आएको हो, जसको अर्थ 'चम्किलो हुनु' हो । त्यसै गरि पूर्णिमा पछी औंशी सम्मको समयकाललाई नेपाल संवत्मा 'गाः' (कृष्ण पक्ष, Waning moon) भनिन्छ । यो समयमा चन्द्रमा क्रमशः अँध्यारिँदै औंशी सम्म पूर्ण अन्धकार हुने भएकाले 'गाः' भनिएको हो । नेपालभाषामा 'गाः'को अर्थ 'खाल्डो' हो र यसरी चन्द्रमालाई अन्धकारले पुरिँदै लैजाने भएकाले 'गाः' भनिएको हो ।

**तिथि – मिलाल्याः**

एउटा औंशीबाट अर्को औंशीसम्म पृथ्वीबाट चन्द्रमाको कति भाग देखिन्छ भन्ने आधारमा चन्द्रमाको स्थितिको नामलाई मिलाल्याः (तिथि, Phases of moon) भनिन्छ । यसरी नेपाल संवत्मा तीसवटा तिथिहरू छन् :–

| | नेपालभाषाको नाम | संस्कृत नाम | संस्कृत नामको नेवाः अपभ्रंस |
|---|---|---|---|
| थ्वः | | | |
| १) | पामिला | प्रतिपदा | पारु |

| | | | |
|---|---|---|---|
| २) | निमिला | द्वितीया | दुतिया |
| ३) | स्वमिला | तृतीया | तितिया |
| ४) | ईंमिला | चतुर्थी | चौथि |
| ५) | न्यामिला / ङामिला | पञ्चमी | पन्चमि |
| ६) | खुमिला | षष्ठी | खस्तमि |
| ७) | न्हेमिला | सप्तमी | सप्तमि |
| ८) | बामिला | अष्टमी | अस्तमि |
| ९) | गुमिला | नवमी | नःमि |
| १०) | झिमिला | दशमी | दसमि |
| ११) | झिन्छमिला | एकादशी | एकादसि |
| १२) | झिन्निमिला | द्वादशी | दुवादसि |
| १३) | झिन्स्वमिला | त्रयोदशी | त्रयदसि |
| १४) | झिन्प्यमिला | चतुर्दशी | चःह्रे |
| १५) | पूमिला | पूर्णिमा | पुन्हि |
| गाः | | | |
| १) | पामिला | प्रतिपदा | पारु |
| २) | निमिला | द्वितीया | दुतिया |
| ३) | स्वमिला | तृतीया | तितिया |
| ४) | ईंमिला | चतुर्थी | चौथि |
| ५) | न्यामिला / ङामिला | पञ्चमी | पन्चमि |
| ६) | खुमिला | षष्ठी | खस्तमि |

| | | | |
|---|---|---|---|
| ७) | न्हेमिला | सप्तमी | सप्तमि |
| ८) | बामिला | अष्टमी | अस्तमि |
| ९) | गुमिला | नवमी | नःमि |
| १०) | झिमिला | दशमी | दसमि |
| ११) | झिन्छमिला | एकादशी | एकादसि |
| १२) | झिन्निमिला | द्वादशी | दुवादसि |
| १३) | झिन्स्वमिला | त्रयोदशी | त्रयदसि |
| १४) | झिन्प्यमिला | चतुर्दशी | चःह्रे |
| १५) | खिंमिला | औंशी | आमै |

नेपाल संवत्को तिथिलाई वर्ष–महिना–पक्ष–तिथि ढाँचामा लेखिन्छ ।

नेसं ११४० कछलाथ्वः पारु

नेसं ११३७ यंलागाः सप्तमि

एकै दिन दुईवटा तिथि परेको खण्डमा दुबै तिथिहरू लेख्ने चलन छ ।

नेसं ११४० थिंलागाः दुतिया/तितिया

नेसं ११३७ गुंलागाः नःमि/दसमि

एउटै तिथि दुई दिन परेको खण्डमा पहिले दिनलाई १ र दोस्रो दिनलाई २ लेख्ने चलन छ ।

नेसं ११४० थिंलागाः दुतिया १, नेसं ११४० थिंलागाः दुतिया २

नेसं ११३७ गुंलागाः नःमि १, नेसं ११३७ गुंलागाः नःमि २

नेपाल संवत् बारे थप जानकारीका लागि यो वेबसाइट हेर्न सक्नुहुनेछ । https://nepalsambat.org/